विशेष अदालत
काठमाण्डौं
२०५९

# विशेष अदालतको प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा १२६ मा न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा अन्य न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ। विशेष अदालत ऐन, २०५९ बमोजिम मिति २०५९ साल भाद्र ६ गते विशिष्टिकृत अदालतका रूपमा विशेष अदालतको स्थापना भएको हो। हाल यस अदालतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतका मुद्दाहरूको शुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार प्राप्त रहेको छ।

यस अदालतले प्रत्येक वर्ष आफूले सम्पादन गरेका न्यायीक कामकारवाहीको मुख्य मुख्य विवरण समेटेर श्री सर्वोच्च अदालतमा मासिक तथा वार्षिक प्रतिवेदन पेश गर्दै आएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस अदालतबाट भएको कामकारवाही संक्षिप्त विवरण समेटेर यो प्रेस विज्ञप्ति प्रकाशन गरिएको छ।

१. मुद्दाको फछ्र्यौटतर्फ

(क) चालु आर्थिक वर्षको असार मसान्तसम्म यस अदालतमा गत आ.व. ०७६/०७७ बाट जिम्मेवारी सरी आएको ६६५ थान र यस आ.व.को नयाँ दर्ता १२७ थान गरी जम्मा ७९२ थान मुद्दाको लगत देखिएकोमा १३५ थान मुद्दा फछ्र्यौट भई ६५७ थान मुद्दा फछ्र्यौट हुन बाँकी रहेका छन्।

(ख) फछ्र्यौट हुन बाँकी मुद्दा मध्ये २ वर्ष नाघेको मुद्दा १६२ थान, १८ महिनादेखि २ वर्ष भित्रको १८७ थान, १ वर्षदेखि १८ महिना भित्रको १८२ थान, ६ महिनादेखि १ वर्षभित्रको ६७ थान र ६ महिना भित्रका ५९ थान रहेको छ ।

(ग) असार मसान्तसम्मको फछ्र्यौट गर्नुपर्ने मुद्दाको लक्ष्य संख्या ८६० लाई आधार मान्दा १३५ थान मुद्दा फछ्र्यौट भई १५.६९ प्रतिशत मात्र फछ्र्यौट लक्ष्य हासिल भएको छ ।

(घ) फछ्र्यौट कुल १३५ थान फैसला मध्ये ६७ थान ठहर र २३ थान आंशिक ठहर गरी ६६ प्रतिशत तथा ४४ थान सफाई र १ थान मुल्तबी गरी ३४ प्रतिशत मुद्दा फछ्र्यौट भएका छन्।

(ङ) कुल १३५ थान मुद्दा फैसला भएकोमा ७ थान मुद्दाको मात्र फैसला तयार गर्न बाँकी रहेको छ।

**२. धरौटी/ राजश्व**

(क) धरौटीतर्फ गत आ.व को अ.ल्या. रु.४६,६०,७९,८६०/७३, यस आ.व.मा प्राप्त रु.९,०९,००,४५५।- गरी जम्मा रु.५५,६९,८०,३१५/७३ धरौटी स्वरूप राजश्व संकलन भएको छ।

(ख) धरौटी फिर्तातर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई रु.१,२८,६६,९४५।- र मुद्दाका सम्बन्धित पक्षहरुलाई रु.१,३८,४८,५२५।- गरी जम्मा रु. २,६७,१५,४७०।- फिर्ता गरिएको छ।

(ग) फैसलाबमोजिम भएको जरिवाना बापत रु.२३,२४,५००।- र न्यायिक दस्तुर बापत रु.६,९०,०९०।- आम्दानी बाँधिएको छ ।

**३. न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयन र बार्षिक कार्ययोजना:-** न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरेअनुरुप यस अदालतको आ.व.२०७८/७९ को वार्षिक कार्य योजना निर्माणको लागि सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमानज्यूको संयोजकत्वमा १३ सदस्यीय कार्यटोली गठन गरी कार्यप्रारम्भ गरिएको छ।

**४. फैसला सङ्ग्रह प्रकाशन**

विशेष अदालतबाट भएका फैसलाहरू विद्युतीय माध्यमबाट नियमित प्रकाशन हुँदै आएका छन्। वार्षिक कार्ययोजनाबमोजिम **'विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०७७'** प्रकाशन गरिएको छ।

**५. भौतिक पूर्वाधार**

तत्कालिन श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०६१।०९।१२ को निर्णयानुसार प्राप्त भवनबाट हाल विशेष अदालत सञ्चालित छ। बढ्दो कार्यचाप र उपलब्ध भवनबीच सामन्जस्य नहुँदा सेवाप्रवाह र कार्यालय व्यवस्थापनमा असहजता भैरहेको सन्दर्भमा थप भवनको आवश्यकता महशुस गरी Special Court Annex Building निर्माण गर्ने कार्य यस आर्थिक वर्षमा प्रारम्भ गरिएको छ। जग्गा प्राप्तीका लागि निरन्तर पहल भैरहेको छ।

## ६. विशेष अदालत बार इकाई गठन र वैतनिक वकील

नेपाल बार एशोसिएसनको मिति २०७७।१०।०९ को निर्णयानुसार निर्वाचन वा अन्य उपयुक्त विधिद्वारा विशेष अदालत बार इकाइ गठन गर्न एशोसिएसनका उपाध्यक्ष अधिवक्ता श्री इश्वरीप्रसाद भट्टराई संयोजक र अधिवक्ताहरु श्री गंगासागर खत्री, श्री अन्जु कायस्थ, श्री खिमानन्द अधिकारी र श्री मोहन सांशकर सदस्य रहुनभएको एक समिति गठन भएको छ। वैतनिक कानून व्यवसायीको नियुक्तिको लागि मिति २०७७।०६।११ मा श्री सर्वोच्च अदालतमा पत्राचार गरिएको।

## ७. विशेष अदालत नियमावली

विशेष अदालत नियमावलीको मसौदा यस अदालतको मिति २०७७।०७।२७ को पूर्ण बैठकबाट पारित भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत श्री सर्वोच्च अदालतमा प्रस्ताव भएको छ।

## ८. सरोकारवालाहरूसँगको अन्तर्क्रिया र स्टाफ मिटिङ

सरोकारवालाहरुको राय सुझाव लिई यस अदालतका कामकारवाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले यस आर्थिक वर्षमा निम्नबमोजिम अन्तर्क्रिया कार्यक्रमहरु सम्पन्न भयो।

(क) नेपाल बार एशोसिएसन, सर्वोच्च अदालत बार एशोसिएशन, उच्च अदालत पाटन बार एशोसिएसन र विशेष सरकारी वकील कार्यालयका प्रतिनिधिहरूसँग मिति २०७७।०९।१७ गते एक दिवसीय अन्तर्क्रिया आयोजना गरिएको।

(ख) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र विशेष सरकारी वकील कार्यालयका प्रतिनिधिहरूसँग सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषयविज्ञ समेतको सहभागितामा मिति २०७७।०९।२४ गते एक दिवसीय अन्तर्क्रिया आयोजना गरिएको।

(ग) मिति २०७७।११।१२ मा माननीय न्यायाधीशज्यूहरू, कर्मचारीहरू तथा राष्ट्रिय परीक्षा बोर्डका सदस्य-सचिव दुर्गाप्रसाद अर्यालबीच छलफल गरी नक्कली प्रमाणपत्र मुद्दामा अदालतको आदेश बमोजिमको जवाफ छिटो छरितो गर्ने सम्बन्धमा छलफल भएको।

(घ) विशेष अदालत र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच मिति २०७७।१२।१७ र मिति २०७७।१२।२४ मा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धान, अभियोजन र न्यायं निरूपणका क्षेत्रमा रहेका समस्या, चुनौती एवम् सुधार गर्नुपर्ने पक्षहरुबारे अनुभव आदानप्रदान सहित अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

(ङ) मासिक समीक्षा लगायतका कर्मचारी बैठक गरी कार्यसम्पादनका विविध आयामहरूमा परिमार्जन र परिष्कृत सेवाप्रवाहका लागि सामूहिक कार्यप्रणाली अवलम्बन गरिएको छ।

९.वडापत्र, पारदर्शिता , सूचनाको हक र गुनासो व्यवस्थापन

(क) सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने सूचक तथा समयसारणीसमेत उल्लेख गरी नागरिक बडापत्रको कार्यान्वयन गरिएको छ।

(ख) मिति २०७७।०५।२५ बाट सेवाग्राही सर्वेक्षण प्रश्नावली लागू गरी सेवाग्राहीका गुनासा, पिरमर्का एवम् सुझावहरु सम्बोधन गर्ने कार्यारम्भ गरिएको छ। चालु आर्थिक वर्षमा जम्मा ५१६ जना सेवाग्राहीहरू प्रश्नावली भरि सर्वेक्षणमा सहभागी हुनुभएको छ। जसमध्ये ४१ प्रतिशत सेवाग्राहीले आफूले पाएको सेवा प्रति **'धेरै राम्रो'** प्रतिकृया व्यक्त गरेका छन् भने **'राम्रो'** प्रतिकृया दिने ४८ प्रतिशत र **'ठिकै'** प्रतिकृया व्यक्त गर्ने सेवाग्राहीहरु ११ प्रतिशत रहनु भएको थियो।

(ग) अदालतका निर्णय, फैसला एवम् क्रियाकलापहरू विद्युतीय माध्यमबाट नियमित सार्वजनिक गर्ने गरिएको छ।

(घ) सञ्चार संस्था र सञ्चारकर्मीबाट माग गरिने सूचना एवम् जानकारीहरु अदालतका प्रवक्ता (उपरजिस्ट्रार) मार्फत उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

(ङ) सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गरि परेको निवेदन थान-१ (एक) उपर आवश्यक कारवाही गरी मागबमोजिमको सूचना निकासा गरिएको छ।

(च) राजश्व एवम् न्यायीक दस्तुर संकलन गर्ने कार्यलाई बैङ्किङ प्रणालीमा आवद्ध गरी आर्थिक सुशासन प्रवर्द्धनमा जोड दिइएको छ।

१०. अभिलेख व्यवस्थापन , लिलाम प्रकिया र लगत अनुगमन

(क) फैसला भैसकेका १४०० थान मिसिलहरू विद्युतीय माध्यममा प्रविष्ट गरिएको छ। अभिलेख शाखामा रहेका ६१ थान मिसिल कागजातहरू कानूनबमोजिम धुल्याउने कार्य सम्पन्न भएको छ।

(ख) मिसिल अभिलेखको Digitalize गर्नेतर्फ पूर्वाधार निर्माणसहितको आवश्यक पहल गरिएको छ।

(ग) मुद्दामा दसीको रूपमा प्राप्त भएका सवारी साधनहरूको लिलाम गर्ने कार्य गरिएको छ।

(घ) फैसला कार्यान्वयन निर्देशनालयबाट फैसलाबमोजिम सदर स्याहा गर्नुपर्ने धरौटी रकम सदर स्याहा भए नभएको र जफत गर्नुपर्ने चल अचलसम्पत्ति जफत भए नभएका सम्बन्धमा मिसिल र लगत भिडाइ अध्यावधिक गर्ने कार्य भैरहेको छ।

११. **मुद्दाको कामकारवाही प्रक्रियामा सूचना प्रविधिको प्रयोग**

(क) मुद्दाको कामकारवाही प्रकृयामा सूचना प्रविधिको प्रयोगमार्फत न्यायसम्पादन र सेवा प्रवाहलाई पहुँचयोग्य, सरल र प्रभावकारी बनाउने कार्यलाई विशेष अदालतले प्राथमिकतामा राखेको छ। अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालनसम्बन्धी निर्देशिका, २०७८ बमोजिम श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार तयार गरी समन्वयकर्ता र सम्पर्क व्यक्तिको विवरण वेबसाइटमार्फत सार्वजनिक गरिएको छ ।

(ख) यस अदालतको मौजुदा तारिख प्रणालीलाई अनलाईन माध्यमद्वारा व्यवस्थित गर्न आवश्यक नीतिगत एवम् संरचनागत प्रबन्धका लागि श्री सर्वोच्च अदालतमा पत्राचार गरिएको छ।

(ग) विद्युतीय माध्यमबाट माननीय न्यायाधीश र कर्मचारीहरूको SOCIAL NETWORKING SYSTEM (SNS) तहगत ग्रुप बनाई आ-आफ्नो शाखा र फाँटबाट दैनिक एवम् मासिक रूपमा सम्पादन भएका कार्यहरूवारे जानकारी गर्ने गराउने व्यवस्था मिलाइएको छ।

१२. **क्षमता विकास तालिम र सेवा उपयोगी प्रवचन**

(क) अदालतमा कार्यरत ७ जना इजलास अधिकृतहरुको सहभागितामा फैसला तथा आदेश लेखनसम्बन्धी ज्ञान, सिप र क्षमता विकास गर्न ५ (पाँच) दिवसीय तालिम कार्यक्रम सम्पन्न भएको छ।

(ख) कार्य र सेवाप्रति उत्प्रेरित जनशक्तिबाट मात्र गुणस्तरीय सेवाप्रवाह सम्भव छ भन्ने यथार्थलाई आत्मसात गरी चालु आर्थिक वर्षमा यस अदालतबाट २ ओटा सेवा उपयोगी प्रवचन कार्यक्रम सम्पन्न भएको छ। कार्यरत माननीय न्यायाधीश एवम् कर्मचारीहरूलाई पुनर्ताजगी गराई कार्यसम्पादनमा उल्लेख्य योगदान गर्न सक्षम तुल्याउने उद्देश्यले आयोजित ति प्रवचन कार्यक्रमहरू 'बदलिँदो परिस्थिति र हाम्रो भूमिका' एवम् 'सकारात्मक सोच' विषयमा भएका थिए।

१३. समस्या /चुनौति, प्रभाव र अवसरहरु :

१३.१ समस्या एवम् चुनौति :

(क) हाम्रो सन्दर्भमा अदालतहरूमा स्रोत र साधनको अपर्याप्तता एवम् ऐनबमोजिम तोकिएको सुविधासमेतको कटौति मुख्य चुनौतिको रूपमा रहेको छ।

(ख) कोभिड-१९ ले सेवा प्रवाहमा सिर्जना गरेको प्रतिकुलताले चुनौति थपेको छ।

(ग) उपलब्ध स्रोत र साधनको उच्चतम परिचालन गरी न्यायपालिकाको चालु रणनीतिक योजना र यस अदालतको वार्षिक कार्ययोजना कार्यान्वयन गर्नु समेत चुनौतिकै रूपमा रहन पुगेको छ।

१३.२ प्रभाव :

कोभिड-१९ महामारीका कारण प्रवाह गरिने सेवा पटक पटक स्थगन र संकुचनसहित व्यवस्थापन गर्नुपर्दा न्यायपालिकाको चालु रणनीतिक योजना र वार्षिक कार्ययोजनाको कार्यान्वयन प्रभावित भएको छ।

१३.३ अवसर :

कोभिड १९ ले विभिन्न प्रतिकुल प्रभाव सिर्जना गरेको भए पनि विशेष अदालतले सूचना प्रविधिको प्रयोग र पहुँचलाई विस्तार गरेको छ। समस्या समाधानका लागि सरोकारवाला निकायहरूको निरन्तर साथ, समन्वय र सहकार्य लाई विशेष अदालतले अवसरको रूपमा ग्रहण गरेको छ।

१४. निष्कर्ष :

विशेष अदालत ऐन, २०५९ बमोजिम मिति २०५९ साल भाद्र ६ गते विशिष्टिकृत अदालतका रुपमा स्थापित यो अदालत भ्रष्टाचार एवम् वित्तिय अपराधमुक्त स्वस्थ समाज र राष्ट्रको निर्माण गर्न क्रियाशिल छ। अनुसन्धान, अभियोजन र प्रतिरक्षासहित न्याय निरूपणमा संलग्न हामी सबैको साझा प्रयासबाट नै निर्दिष्ट लक्ष्य प्राप्ति गर्न सम्भव छ।

मिति : २०७८।०४।०१

पुष्पराज पाण्डेय
उपरजिस्ट्रार/प्रवक्ता